सूचना एवम् जन सम्पर्क विभागको वेबसाइट
www.ipr.sikkim.gov.in

# सिक्किम हेरल्ड

आज़ादी का अमृत महोत्सव

Postal Regd. No: WB/SKM/01/13

वर्ष ५५ | गान्तोक, (सोमबार) २१,नोभेम्बर, २०२२ | अङ्क ३९

## विश्वविद्यालयको छैटौँ दीक्षान्त समारोह सम्पन्न



गान्तोक।
विश्वविद्यालयको छैटौं दीक्षान्त समारोहमा विभिन्न उपाधि प्राप्त गर्ने विद्यार्थीहरूलाई सम्मानको साथ बधाइ दियो। यहाँबाट आत्मसात गर्नुभएको ज्ञान अनि जीवन मूल्यद्वारा सदैव मार्गदर्शन गर्नका साथै जीवनलाई प्रकाशित गरिरहोस्। राज्यपाल श्री गंगा प्रसादले सबै विद्यार्थीहरूलाई भन्नुभयो, उहाँले स्थानीय मनन केन्द्रमा सिक्किम विश्वविद्यालयको छैटौं दीक्षान्त समारोहमा मुख्य अतिथि तथा विश्वविद्यालयका मुख्य कुलपतिका रूपमा समारोहलाई सम्बोधित गर्नुभयो।

यस वर्ष सिक्किम विश्वविद्यालयले सप्ताह व्यापी छैटौं दीक्षान्त समारोहको आयोज गरेको छ। जानकारीअनुसार, यसअन्तर्गत विभिन्न श्रेणीहरूमा १२ हजार ६ सय ६१ जना विद्यार्थीहरूलाई प्रमाणपत्र प्रदान गरियो। कार्यक्रमको अवधिमा, पीजी, एमफील तथा पीएचडीमा सफलता प्राप्त गर्ने विद्यार्थीहरूलाई उपाधि प्रदान गरियो। साथै शिक्षाको क्षेत्रमा उत्कृष्ट प्रदर्शन गरिरहेका विद्यार्थीहरूलाई स्वरण चिन्ह एवम् रजत पदकद्वारा सम्मानित गरियो।

समारोहमा धेरै संख्यामा युवतीहरूले उपलब्धि हासिल गरेको देखेर राज्यपाल श्री प्रसादले प्रसन्नता व्यक्त गर्दै आज भारतका सबै क्षेत्रहरू जस्तै सामाजिक, आर्थिक, राजनैतिक, वैज्ञानिक, अनुसन्धान, साहित्य, खेलकूद, सैन्य आदिमा महिलाहरूले आफ्नो उत्कृष्ट प्रदर्शन गरिरहेको बताउनुहुँदै जब एक महिला शिक्षित हुन्छिन्, तब सम्पूर्ण परिवार, सम्पूर्ण समाज शिक्षित हुन्छ भन्ने बताउनुभयो। देशको विकास महिलाहरूको विकासले मापन गर्न सकिने उहाँले बताउनुभयो।

*रहल पृष्ठ ३ मा...*

## मुख्यमन्त्रीको एमबीबीएसका निम्ति उत्तीर्ण विद्यार्थीहरूसँग भेट



गान्तोक।
मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले २० नोभेम्बरमा,एमबीबीएसका निम्ति उत्तीर्ण भएका चारजना विद्यार्थीलाई सरकारी आवास मिन्तोकगाङमा भेट गर्नुहुँदै आर्थिक सहायता प्रदान गर्नुभयो।

मुख्यमन्त्री श्री तामाङले शैक्षिक सत्र २०२२-२३ को निम्ति एमबीबीएस उत्तीर्ण गर्ने चार विद्यार्थीसँग आफ्नो शिक्षा अगाडि बढाउन आशीर्वाद अनि प्रोत्साहन दिनुभयो।
ती विद्यार्थीहरू
१) सुश्री प्रेणा लिम्बु, श्री लालमान लिम्बुको छोरी।
२) सुश्री सबनम राई, श्री होमप्रसाद राईको छोरी।
३) श्री सुनाहाङ लिम्बू ,श्री देउकुमार राईको छोरो।
४) सुश्री सृष्टि राई श्री जीवनकुमार राईको छोरी।

## राज्यको ६वटै जिल्लाका नव निर्वाचित जिल्ला पञ्चायतहरूसँग मुख्यमन्त्री श्री तामाङको भेट



गान्तोक।
मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले **नाम्ची जिल्लाका** नवनिर्वाचित चिल्ला पञ्चयातसदस्यहरूलाई १७ नोभेम्बरमा उहाँको आधिकारिक सरकारी आवास मिन्तोगाङमा भेट गर्नुहुँदै बधाइ अनि शुभकामना व्यक्त गर्नुभयो।
मल्ली निर्वाचन छेत्रअन्तर्गत शुक्रवारे-सुन्तलेका सुश्री अश्विता राईलाई जिल्ला अध्यक्ष अनि नामथाङ रातेपानी निर्वाचन क्षेत्रअन्तर्गत कटेङ-मामरिङका श्री विकास तामाङलाई जिल्ला उपाध्यक्षमा समर्थन गर्ने सहमति रहेको मुख्यमन्त्री श्री तामाङलाई जानकारी गराइएका छन्।

उहाँको साथमा मन्त्री श्री सञ्जीत खरेल, मन्त्री श्री बी.एस पन्त, विधायक श्रीमती फरवन्ती तामाङ, श्रीमती राजकुमारी थापा,श्री टी.टी भोटिया, मुख्यमन्त्रीका प्रेस सचिव, सल्लाहकार श्री सतिस राई,अध्यक्ष एनएमसी श्रीमती रोमा तामाङ, श्री टाशी तामाङलगायत जिल्लाका विशिष्ट व्यक्तिहरू अनि जेष्ठ नागरिकहरूको उपस्थिति थियो।
यसैगरी १७ नोभेम्बरमा **पाकिम जिल्लाका** जिल्ला पञ्चायत सदस्यहरूसँग मुख्यमन्त्री श्री तामाङले उहाँको आधिकारिक सरकारी आवास मिन्तोकगाङमा भेट गर्नुभयो। उनीहरूले मुख्यमन्त्री श्री प्रेमसिंह तामाङलाई श्रीमती लाडेनलाम्हो भोटियालाई ग्याथाङ माचोङ क्षेत्रअन्तर्गत पाकिम पाचे टी.सी-मा अध्यक्ष अनि रिनक क्षेत्रअन्तर्गत छलमथाङ पाचेखानी निवासी श्रीमती प्रभा तामाङलाई उपाध्यक्षको निम्ति सहयोग अनि सहमती रहेको जानकारी गराए।
मुख्यमन्त्री श्री तामाङले कार्यकालको निम्ति बधाइ अनि शुभकामना व्यक्त गर्नुभयो। त्यसैगरी उहाँले निर्वाचन प्रक्रियामा लगनशीलता र कडा परिश्रमको निम्ति पाकिम जिल्ला प्रशासनको प्रशंसा गर्नुभयो।
यसै अवसरमा मन्त्री श्री सोनम लामा, श्री एलबी दास, विधायक श्री विष्णुकुमार शर्मा, श्री एमप्रसाद शर्मा ,श्री केबी राई, श्री डीटी लेप्चा, पूर्व विधायक श्री विक्रम प्रधानको पनि उपस्थिति थियो।

यसैगरी **गेजिङ जिल्लाका** नवनिर्वाचित जिल्ला पञ्चायत सदस्यहरूलाई पनि मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले उहाँको आधिकारिक निवास मितोकगाङमा भेट गर्नुभयो। उनीहरूले मुख्यमन्त्री श्री तामाङलाई युकसम टाशीडिङ क्षेत्रका श्री

*रहल पृष्ठ २ मा...*

## मुख्यमन्त्रीद्वारा मेडिकल पढ्न बीपीएल परिवारका दुई सदस्यप्रति आर्थिक सहायता

गान्तोक।
मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले बीपीएल परिवारमा पर्ने दुईजाना विद्यार्थीलाई उच्च शिक्षाका लागि वित्तीय सहायता प्रदान गर्नुभयो।
मुख्यमन्त्रीले मिन्तोकगाङस्थित आफ्नो सरकारी आवासमा १७ नोभेम्बरको दिन सोरेङ जिल्ला अन्तर्गत चुम्बुङ निवासी जोसेफ राईकी छोरी अभिक्षा राई र गणेशकुमार राईकी छोरी इजुनेयासँग भेट गरे। बीपीएल परिवारमा पर्ने भएकाले मुख्यमन्त्रीले उनीहरूलाई झारखण्डको राँचीस्थित राजेन्द्र इस्टीट्युट अफ् मेडिकल साइन्समा अध्ययनका लागि आर्थिक सहायता प्रदान गर्नुभयो। मुख्यमन्त्रीले विद्यार्थीहरूसँग अन्तरक्रिया गर्दै उनीहरूलाई भविष्यका प्रयासहरूका लागि शुभकामना दिनुभयो।

# सूचना एवम् जनसम्पर्क विभागद्वारा राष्ट्रिय प्रेस दिवस-२०२२ भव्यतापूर्वक पालन




गान्तोक।
सूचना एवम् जनसम्पर्क विभाग, सिक्किम सरकारद्वारा गत १६ नोभेम्बर-२०२२ मा गान्तोकस्थित चिन्तन भवनमा राष्ट्रिय प्रेस दिवस पालन गरियो। यस वर्षको राष्ट्रिय प्रेस दिवसको विषय 'डिजिटलको घेराबन्धीमा पत्रकारिता'अर्थात 'जर्नालिजम अण्डर डीजिटल सीज' रहेको थियो।

कार्यक्रममा सूचना एवम् जनसम्पर्क विभागका मन्त्री श्री बी.एस.पन्त मुख्य अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो। कार्यक्रममा शहरी विकासका मन्त्री श्री एल.बी. दास साथै विधायकगण, मुख्यमन्त्रीका प्रेस सल्लाहकार श्री सी.पी.शर्मा, सूचना तथा जनसम्पर्क विभागका सल्लाहकार श्री विरेन्द्र तामलिङ, मुख्यमन्त्रीका प्रेस सचिव श्री विकास बस्नेत, सूचना तथा जनसम्पर्क विभागकी सचिव श्रीमती सिफोरा तार्गेन, सूचना तथा जनसम्पर्क विभागकी निदेशक श्रीमती बेनु गुरुङ, स्वर्गीय वाई. एन. भण्डारीका परिवार सदस्यहरू,मीडियाकर्मीहरू,सूचना तथा जनसम्पर्क विभागका अधिकारी अनि कर्मचारीहरू साथै सिक्किम विश्वविद्यालयका विद्यार्थीहरूको उपस्थिति रहेको थियो.

कार्यक्रममा स्वतन्त्र रूपमा कार्य गर्ने पत्रकार श्री सरोज गुरुङलाई महिला मुद्दामाथि प्रत्रकारिता अनि हिमाली बेलाका पत्रकार श्री होमनाथ दवाडीलाई जलवायु परिवर्तनमाथि पत्रकारिता गरेवापत मुख्यमन्त्री पुरस्कार प्रदान गरिएको थियो, यसै गरेर मानव अधिकारमाथि पत्रकारिता गरेवापत हाम्रो वार्ताका पत्रकार श्री दिवस राईलाई उक्त पुरस्कार प्रदान गरिएको थियो।

यस वर्षको स्वर्गीय वाई.एन. भण्डारी उत्कृष्ट पत्रकारिता पुरस्कार 'सम्मीट टाइम्सका' सल्लाहकार सम्पादक श्री पेमा वाङचुकलाई प्रदान गरिएको थियो। पुरस्कारस्वरूप उहाँलाई सम्मान पत्र,अङ्गवस्त्र साथै दुई लाख रुपियाँको राशि प्रदान गरियो। यसरी नै वार्षिक अनुदानको रूपमा सूचना तथा जनसम्पर्क विभागले प्रेस क्लब अफ् सिक्किमलाई ५ लाख रुपियाँको नगद राशि पनि प्रदान गरेको थियो, जसलाई प्रेस क्लब अफ् सिक्किमका अध्यक्ष श्री शेखर खवासले प्राप्त गर्नुभएको थियो।

प्रेस क्लब अफ् सिक्किमले वार्षिक रूपमा ग्रामीण पत्रकारिता पुरस्कार प्रदान गर्ने गर्दछ, जुन पुरस्कार यस वर्ष स्वतन्त्र रूपम कार्य गर्ने पत्रकार श्री प्रीतम गुरुङलाई प्रदान गरियो।

यो वार्षिक पुरस्कार प्रेस क्लब अफ् सिक्किमद्वारा गठन गरिएको हो, जुन राज भवन, सिक्किमद्वारा प्रायोजित छ, र यो पुरस्कार ग्रामीण क्षेत्रमा उत्कृष्ट रिपोर्टिङ गर्ने पत्रकाराई दिने गरिन्छ। यस पुरस्कारमा सम्मान पत्र, अङ्गवस्त्र अनि नगद राशि बीस हजार सामेल छ।

सभालाई सम्बोधन गर्दै सूचना तथा जनसम्पर्क विभागका मन्त्री, श्री बी.एस. पन्तले राष्ट्रिय प्रेस दिवसको अवसरमा सबैमा हार्दिक शुभकामना व्यक्त गर्दै पत्रकारिताको क्षेत्रमा आफ्ना विगतका अनुभवहरू साझा गर्नुभयो। उहाँले न्यू मिडियाको सन्दर्भमा प्रभावकारी देखरेख गर्ने प्रणाली लागू गर्नुपर्नेमाथि चिन्ता व्यक्त गर्दै प्रारम्भिक समस्या अनि राज्यमा प्रेस र मिडियासँग सम्बन्धित अन्य समस्याहरूलाई समाधान गर्ने आश्वासन दिनुभयो।

कार्यक्रममा सिक्किम विश्वविद्यालयको जन सञ्चार विभागकी सहायक प्राध्यापक डा. निहारिका बुरागोहेनले डीजिटल घेराबन्दीमा पत्रकारिताको बारेमा संक्षिप्त कुराकानी पनि प्रस्तुत गर्नुभएको थियो। उहाँले आजको डीजिटल युगमा मीडिया साक्षरताको महत्वबारे प्रकाश पार्नुभयो। उहाँले मीडिया साक्षरता शिक्षामा विचारपूर्वक र इमानदारीपूर्वक मीडिया सिर्जना गर्नसिक्नु आवश्यक रहेको पनि बताउनुभयो।

उहाँले थप बताउनुभएअनुसार सूचनाको लागि चुनौतीहरू र डीजिटल खतराहरू प्राय: जटिल हुन्छन् यसैले नागरिक समाज साथै जिम्मेवार मीडियालाई सहयोग गरी उनीहरूलाई पूर्ण रूपमा संलग्न गरेर यसको समाधान गर्नसकिनेछ।

*रहल पृष्ठ ४ मा..*

# जिल्लापाल एवम् रिट्रनिङ अधिकारी श्री रगुल के-द्वारा जिल्ला पञ्चायतहरूसँग पहिलो बैठक

गान्तोक।
गान्तोकस्थित ईडीजेटपी सम्मेलन कक्षमा जिल्लापाल एवम् रिट्रनिङ अधिकारी श्री रगुल के-द्वारा जिल्ला पञ्चायतहरूसँग १८ नोभेम्बरमा, पहिलो बैठकको अध्यक्षता गर्नुभयो। कार्यक्रममा श्री तुस्कर निकारे अतिरिक्त रिट्रनिङ अधिकारी एवम् जिल्लापाल साथै अन्य अधिकारीहरूको उपस्थिति थियो।

बैठकको मुख्य उद्देश्य जिल्ला अध्यक्ष अनि जिल्ला उपाध्यक्षको निम्ति सदस्यहरू चयन गर्नु रहेको थियो। जिल्ला अध्यक्षको निम्ति आरक्षण ओबीसी(राज्य)अनि जिल्ला उपाध्यक्षको निम्ति आरक्षण ओबीसी राज्य महिला, रहेको अवगत गराए। चुनावी प्रक्रियापछि जिल्ला अध्यक्षको निम्ति साम्दोङ-कम्बलका श्री बलराम अधिकारी अनि साम्लिङ-नामलीकी श्रीमती देवीमाया प्रधान जिल्ला उपाध्यक्षमा निर्वाचित भएका छन्।

श्री रगुल केद्वारा गान्तोक जिल्लाअन्तर्गत जिल्ला पञ्चायत का सबै निर्वाचित प्रतिनिधिहरूलाई बधाइ अनि शुभकामना व्यक्त गर्नुभयो। उहाँले गान्तोक जिल्लामा राम्रोसँग स्थापित प्रशासनिक, लेखा अनि इन्जिनियरिङ सेल रहेको बताउनुहुँदै सबै निर्वाचित सदस्यहरूलाई राज्यको विकासका निम्ति सामूहिक दृष्टिकोणका साथ काम गर्न आग्रह गरियो। श्री बलराम अधिकारीले आफूलाई जिल्ला अधिकारीमा निर्वाचित गरेकोमा सबै जिल्ला पञ्चायत का प्रतिनिधिहरूलाई धन्यवाद दिनुहुँदै आफूले सबै नियम पालन गर्ने बताउँदै जनता र समाजको हितका निम्ति आफ्नो जिम्मेवारीलाई व्यापक रूपमा निर्वाह गर्ने बताउनुभयो।

त्यसपछि नव निर्वाचित जिल्ला अध्यक्ष अनि उपाध्यक्षलाई ईडीजेटपी गान्तोकमा रहेको आधिकारिक च्यम्बरमा लगियो।

# श्रमिकको हितमा दर्ता प्रक्रियालाई तीब्रता दिन बैठ सम्पन्न



गान्तोक।
सिक्किम सरकारको श्रम विभागद्वारा १८ नोभेम्बरमा श्रम भवनमा राज्य सल्लाहकार समिति तथा सिक्किम भवन र अन्य निर्माण मजदुर कल्याण बोर्डका सहभागीहरूसँग दुई महत्त्वपूर्ण बैठक आयोजना गरेको छ।

राज्य सल्लाहकार समितिको बैठकमा सिक्किम विधानसभाको प्रतिनिधित्व गर्ने विधायक श्री आदित्य गोलेको विशेष सहभागितामा श्रम मन्त्री श्री लोकनाथ शर्माले दुवै बैठकको अध्यक्षता गर्नुभयो। बैठकमा श्रम सचिव श्री कर्मा नामग्यल भोटिया पीसीई तथा सडक एवम् पुल विभागका सचिव श्री टीपी साङ्देर्पा पीसीई तथा भवन एवम् आवास विभागका सचिव प्रवीणकुमार प्रधान, श्रम विभागका विशेष आयुक्त श्री डीएस कुँवारसहित अन्यको उपस्थिति थियो। श्रम हितका विभिन्न पक्षमा गहन छलफलपछि मन्त्री श्री शर्माले श्रमिकको हितका निम्ति दर्ता प्रक्रियालाई तीव्रता दिन अनि उत्पादनमुखी अभ्यासलाई बृहत् रूपमा सुनिश्चित गर्न जोड दिनुभयो। समितिले श्रमिकलाई दक्ष बनाउने अनि पेशा मजबुत बनाउन सहयोग पुग्ने प्रमाण-पत्र दिने निर्णय गरेको पनि उहाँले बताउनुभयो। मन्त्री शर्माले सबै जिल्लामा पूर्वाधार निर्माणको प्रस्तावमा जोड दिँदै श्रमिकको हितका निम्ति सबै विभागलाई सहयोग अनि सक्रिय हस्तक्षेप गर्न आग्रह गर्नुभयो।

राज्य सल्लाहकार समितिको बैठकपछि सिक्किम भवन र अन्य निर्माण मजदूर कल्याण बोर्डको बैठक गरियो, जसमा वित्त विभागका निर्देशक श्री लिनस राई ग्रेफ-१२९ आरसीसीका प्रतिनिधिबाहेक राज्य सल्लाहकार समितिका सदस्यहरू पनि उपस्थित रहेका थिए।

बैठकमा निर्माणस्थलमा श्रम कानूनबारे सचेतना तथा सचेतना शीविर आयोजना गर्ने, सवारीसाधन खरिद तथा परिमार्जन,कोभिड राहत रकम तथा कल्याणकारी सामाग्री वितरण, बीओसीडब्ल्यू होस्टलको मरम्मतसम्भार, जिल्ला श्रम कार्यालयको सुदृढीकरण, विभिन्न योजनामाथि व्यापक जागरूकता उत्पन्न गर्न आईईसी गतिविधिलगायतका विषयमा विस्तृत छलफल भयो। मन्त्री शर्माले बोर्डलाई सम्बोधन गर्दै श्रमिकको हितको निम्ति तोकिएको जिम्मेवारी पूर्ण निष्ठाका साथ पालना गर्न सबै सदस्यलाई आग्रह गर्नुभयो।

## राज्यको ६वटै जिल्लाका....

डी.एस सुब्बालाई अध्यक्ष अनि मानेबुङ देन्ताम क्षेत्रकी, श्रीमती आइत राईलाई उपाध्यक्षमा सहयोग अनि समर्थन रहेको जानकारी दिएका छन्।

मुख्यमन्त्री श्री तामाङले नवनिर्वाचित जिल्ला सदस्यलाई बधाइ अनि शुभकामना व्यक्त गर्नुभयो।

यस अवसरमा मन्त्री श्री लोकनाथ शर्मा,विधायक श्री भीमहाङ लिम्बू,लोकसभा सांसद श्री इन्द्रहाङ सुब्बा अनि मुख्यमन्त्रीका राजनीतिक सचिव श्री जेकब खालिङ,अध्यक्ष श्री बसन्त तामाङको उपस्थिति थियो।

यसरी नै **गान्तोक जिल्लाका** नवनिर्वाचित पञ्चायत सदस्यहरूलाई पनि मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले मिन्तोकगाङस्थित उहाँको सरकारी निवासमा भेट गर्नुहुँदै बधाइ अनि शुभकामना व्यक्त गर्नुभयो। उनीहरूले तुमिङ-लिङ्गी निर्वाचन क्षेत्रअन्तर्गत साम्दोङ-कम्बलका श्री बलराम अधिकारीलाई जिल्ला अध्यक्ष अनि मार्तम रूम्तेक निर्वाचन क्षेत्रअन्तर्गत साम्लिख-नाम्लेकी श्रीमती देविका प्रधानलाई जिल्ला उपाध्यक्षको निम्ति सहयोग अनि समर्थन गरेको जानकारी गराए।

उहाँको साथमा मन्त्री श्री सोनम लामा, डा. एम.के शर्मा, विधायक श्री उगेन टी ग्याच्छो भोटिया अनि श्री सोनम भेन्चोङपाको उपस्थिति थियो।

यसैगरी **सोरेङ जिल्लाका** नवनिर्वाचित जिल्ला पञ्चायत सदस्यहरूसँग मिन्तोकगाङस्थित उहाँको सरकारी आवासमा भेट गर्नुभयो।

भेट अवधिमा नवनिर्वाचित जिल्ला पञ्चायत सदस्यहरूले सर्वसम्मतिद्वारा साङदोर्जी रिन्चेन्पोङ निर्वाचन क्षेत्रकी श्रीमती तिलादेवी गुरुङलाई जिल्ला अध्यक्ष तथा गेलिङ पिपले निर्वाचन क्षेत्रका श्री चन्द्रबीर कामीलाई उपाध्यक्ष बनाउने निर्णय लिएको अवगत गराए। मुख्यमन्त्री श्री तामाङले विजयी जिल्ला पञ्चायत सदस्यालाई नयाँ भूमिका अनि जिम्मेवारी निम्ति शुभकामना व्यक्त गर्नुभयो। उहाँले राज्य अनि राज्यवासीहरूको कल्याण अनि विकासका निम्ति सदस्यहरूबाट पूर्ण समर्पण एवम् उत्साहपूर्ण उत्कृष्ट प्रदर्शनको आशा व्यक्त गर्नुभयो।

यसै अवसरमा मन्त्री श्री एम.एन शेर्पा,मन्त्री डा.एम के शर्मा, विधायक श्री

*रहल पृष्ठ ३ मा..*

# एससीईआरटीद्वारा सिक्किमको लागि विद्या अमृत महोत्सव सुरु



गान्तोक।
गत १६ नोभेम्बर २०२२-को दिन एससीईआरटीको सभाकक्षमा विद्या अमृत महोत्सवको शुभारम्भ सम्बन्धी एक दिने कार्यक्रम आयोजना गरिएको थियो। कार्यक्रममा शिक्षा विभाग, सिक्किम सरकारका सल्लाहकार श्री मोहनप्रसाद सुब्बा प्रमुख अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो। कार्यक्रममा एससीईआरटीका निदेशक श्री केसी ग्यात्सो, एससीईआरटीका संयुक्त निदेशक श्री सुरजवीर सिंह, मुख्यालय, जिल्ला र उप विभाग कार्यालयका संयुक्त निर्देशकहरू, ब्लक रिसोर्स सेन्टर संयोजकहरू (बीआरसीसी), क्लस्टर रिसोर्स सेन्टर संयोजकहरू (सीआरसीसी), डाइट नाम्चीकी प्रधानाध्यापक सुश्री वन्दना छेत्री, डाइट गान्तोकका संकाय श्री प्रोवास भौमिक र एससीईआरटीका संकायहरूको उपस्थिति रहेको थियो।
कार्यक्रमको उद्देश्य सिक्किम राज्यको लागि विद्या अमृत महोत्सवको औपचारिक शुभारम्भ गर्नु र महोत्सवअन्तर्गत शिक्षक र विद्यालयका प्रमुखले पेश गरेका प्रविष्टिहरूको अपलोड र मूल्याङ्कन गर्ने प्रक्रियाबारे कार्यकर्ताहरूलाई जानकारी गराउनु थियो। राष्ट्रिय शिक्षा नीति २०२०-ले विद्यालय शिक्षा प्रणालीका सबै स्टेकहोल्टरहरूमा नयाँ व्यवहार र अभ्यासलाई बढावा दिने आवश्यकतामाथि जोड दिँदछ। विद्या अमृत पहलअन्तर्गत विद्या अमृत महोत्सवको उद्देश्य भारतभरिका शिक्षक र विद्यालयका प्रमुखहरूद्वारा लागू गरिएको अभिनव अध्यापनका लागि सूक्ष्म सुधारहरू प्रवर्द्धन र पहिचान गर्नु हो। यसै क्रममा सिक्किम राज्यको लागि विद्या अमृत महोत्सवको प्रमुख अतिथिद्वारा औपचारिक शुभारम्भ गरिएको थियो।
कार्यक्रमको शुरुवातमा एससीईआरटी निदेशक श्री केसी ग्यात्सोले स्वागत सम्बोधन र कार्यक्रमको प्रसंग राख्नुभएको थियो। उहाँले सहभागी कार्यकर्ताहरूलाई प्रक्रियाको प्राविधिकतासँग जानकार बन्न र कार्य सम्पादनमा विद्यालय प्रमुख र शिक्षकहरूलाई मद्दत र मार्गदर्शन गर्न अनुरोध गर्नुभयो।
श्री सुरजकुमार शर्माले विद्या महोत्सव र मूल्याङ्कन प्रक्रियाको विवरणबारे दर्शकहरूलाई विस्तृत रूपमा जानकारी दिनुभएको थियो भने त्यसपछि दक्षिण सिक्किमका राज्य नोडल अधिकारी (एसएनओ) श्री राजीव फिलिपले दिक्षापोर्टलमा भिडियो/गतिविधिहरू अपलोड गर्ने तरिकामाथि प्राविधिक सत्र गर्नुभएको थियो। यसपछि अन्तरक्रियात्मक सत्र भयो, जहाँ सहभागीहरूले आफूलाई भएको शङ्काहरूबारे राखेको प्रश्नको जवाफ एसएनले दिएको थियो।
कार्यक्रमलाई प्रमुख अतिथि श्री एम.पी. सुब्बाले पनि सम्बोधन गर्नुभएको थियो। उहाँले अहिलेको शिक्षण प्रक्रियाको आवश्यकता पूरा गर्न अत्याधुनिक प्रविधिले आफूलाई सुसज्जित बनाउनुपर्ने कुरामाथि जोड दिनुभयो। उहाँले महोत्सवमा सक्रियताका साथ सहभागी हुन शिक्षकहरूलाई प्रोत्साहन र उत्प्रेरित गर्न पदाधिकारी र सहभागीहरूलाई आग्रह गर्नुभयो।
एससीईआरटीका संयुक्त निदेशक श्री सुरजवीर सिंहले धन्यवाद ज्ञापन गर्दै कार्यक्रमको समापन भएको थियो भने कार्यक्रमको सञ्चालन प्राध्यापक श्री अजय पोखरेलले गर्नुभएको थियो।

# सिक्किम विश्वविद्यालयको दीक्षान्त सप्ताह २०२२ सम्पन्न

गान्तोक।
१६ नोभेम्बर सिक्किम विश्वविद्यालयको दीक्षान्त सप्ताह २०२२ को तेस्रो दिन प्रतिष्ठित इतिहासकार प्रो. हिमांशु चतुर्वेदीले उपनिवेसवादको सांस्कृतिक अतिक्रमण तथा भारतीय प्रतिक्रिया विषयमा व्याख्यान पेश गर्नुभयो। यस अवसरमा अतिरिक्त सचिव एवं शिक्षा विभागका प्रमुख सचिव श्री आर तेलाङ मुख्य अतिथिका रूपमा उपस्थित रहनुभएको थियो। कार्यक्रममा आयोजक समितिकी संयोजक प्रो. वीणु पन्तले अतिथिगण लगायत उपस्थित सबैलाई स्वागत जनाउनुभयो। व्याख्यानपछि सिक्किम विश्वविद्यालयको २००७ मा स्थापनापछि हालसम्मको यात्रालाई समेट्दै तयार गरिएको प्रथम वृत्तचित्र प्रदर्शित गरियो। भारतीय ऐतिहासिक अनुसन्धान परिषदका सदस्य एवं दीनदयाल उपाध्याय गोरखपुर विश्वविद्यालयका प्रेफेसर चतुर्वेदीले भारतको परिकल्पना विषयमा सबैको ध्यान आकर्षित गर्दै भारतको आत्मा नै संस्कृतिक विविधका रहेका र यसलाई कायम राख्ने दायित्व शिक्षाविदहरूको रहेको बताउनुभयो।
यसै गरी मुख्य अतिथि आर तेलाङले दीक्षान्त सप्ताह समारोहको निम्ति सिक्किम विश्वविद्यालयलाई बधाई दिँदै विश्वविद्यालयले रचनात्मक काम गरिरहेको देख्न पाउनु हर्षको विषय रहेको बताउनुभयो।
दीक्षान्त सप्ताहको तेस्रो दिन अतिथिगणका साथमा विश्वविद्यालयका अधिकारीगण सङ्काय सदस्यका साथमा विद्यार्थीहरू पनि उपस्थिति रहेको जानकारी पीआईबीले दिएको छ।

# सिक्किमका सबै दुग्ध किसानहरूलाई किसान क्रेडिट कार्ड प्रदान गर्ने पशुपालन विभागको पहल

गान्तोक।
सिक्किम राज्यका सबै दुग्ध किसानहरूलाई किसान क्रेडिट कार्ड-एएच (केसीसी-एएच) उपलब्ध गराउने उद्देश्यले पशुपालन र सिक्किम दूध संघद्वारा गत १८ नोभेम्बर २०२२ को दिन सिक्किम दूध संघको सम्मेलन भवनमा स्टेकहोल्डरहरूको एउटा बैठक आयोजना गरिएको थियो।
बैठकको अध्यक्षता पशुपालन तथा पशु चिकित्सा सेवा विभागका सचिव तथा सिक्किम दूध संघका प्रबन्ध निदेशक डा. पी. सेन्थिल कुमारले गर्नुभएको थियो भने नाबार्डका महाप्रबन्धक श्री सञ्जय गुप्ता तथा उहाँका अधिकारीहरू, स्टेट ब्याङ्क अफ इण्डियाका क्षेत्रीय महाप्रबन्धक र उहाँको टोली, सिस्को ब्याङ्कका नोडल अधिकारी,भेटेरिनरी अधिकारी र खरीद अधिकारीहरू, फाइल पर्यवेक्षकहरू र गान्तोक जिल्लाको गाउँ दूध उत्पादक सहकारी संस्थाका सचिवहरूको पनि बैठकमा उपस्थिति रहेको थियो।
नाबार्डका महाप्रबन्धकले सहभागीहरूलाई केसीसीका फाइदाहरू, कोषको सीमा र यसको प्रयोग गर्न सकिने उद्देश्यबारे जानकारी दिनुभयो। उहाँलेदुग्ध किसानहरूको अवस्थित ब्याङ्क खातालाई केसीसीसँग जोडिएको खण्डमा ब्याज अनुदान लाभहरू सजिलै प्राप्त गर्नसकिने कुरा बनि बताउनुभयो।
एसबीआईका क्षेत्रीय महाप्रबन्धक र उहाँको टोलीले सिक्किम दूध र पशुपालन विभागसँग एसबीआईको त्रिपक्षीय सम्झौताका फाइदाहरू, केसीसीका प्राविधिक पक्षहरू, ब्याज दरहरू, चुक्ता गर्ने प्रक्रिया र यसको नवीकरणइत्यादिको बारेमा विस्तारमा बताउनुभयो साथै सबै सहभागीहरूका शङ्काहरू स्पष्ट पार्नुभयो।
सिस्को ब्याङ्कका अधिकारीहरूले केसीसीआवेदन फारम र यसको लागि चाहिने आवश्यक सहायक दस्तावेजहरू, केसीसी-एएच प्राप्त गर्नको लागि हुनुपर्ने योग्यता अनि सहभागीहरूलाई फारम भर्ने समयमा हुने शङ्का र केसीसी राशिको सदुपयोग गर्नेबारे बताउनुभयो।
पशुपालन विभागका सचिव श्री सेन्थिल कुमारले राज्यका सबै दुग्ध किसानहरूलाई केसीसी-एएचकोसय प्रतिशत कभरेज सुनिश्चित गर्न सहभागीहरूलाई उत्प्रेरित गर्नुभयो र त्यसलाई प्राप्त गर्ने समय रेखा राख्नुभयो।
उहाँले राज्यका दुग्ध कृषक र अन्य पशुपालन कृषकहरूलाई केसीसी-एएचप्राप्त गर्न सरल आवेदन प्रक्रिया सुनिश्चित गर्नका लागिफिल्ड अधिकारीहरू अनि कर्मचारीहरूलाई गाउँ दुग्ध उत्पादक सहकारी संस्था, ब्याङ्क र पशुपालन विभागसँग समन्वय गर्ने पनि जानकारी दिनुभयो।
सिक्किम मिल्क युनियनका भेटेरिनरी अफिसरले धन्यवाद ज्ञापन दिएपछि बैठक समाप्त भयो।

# करातेमा निमु लेप्चाले सिक्किमलाई दिलाइन तेस्रो स्वर्ण पदक

गान्तोक १६ नोभेम्बरः निमु लेप्चाले मेघालयको शिलङमा आयोजित दोस्रो पूर्वोत्तर ओलम्पिक खेलमा बुधवार करातेमा सिक्किमका लागि तोस्रो स्वर्ण पदक दिलाएकी छन् । उनले करातेको ३८ केजी ओजन समूहको फाइनलमा मिजोरमकी प्रतिद्वन्द्वीलाई परास्त गरी सिक्किमका लागि अर्को स्वर्ण पदक जितिन्। सिक्किममा अहिलेसम्म ५० वटा पदक जितिसकेको छ, जसमा तीनवटा स्वर्ण १५ वटा रजत अनि ३२ वटा कांस्य पदक जितेकी छन्।

## राज्यको ६वटै जिल्लाका..

आदित्य गोले, विधायक श्रीमती सुनिता गजमेर मुख्यमन्त्रीका राजनीतिक सचिव श्री जेकब खालिङ आदिको उपस्थिति रहेको थियो।
यसरी नै १६ नोभेम्बरमा, **मङ्गन जिल्लाका** नवनिर्वाचित पञ्चायत सदस्यलाई पनि मुख्यमन्त्री श्री प्रेमसिंङ तामाङले उहाँको सरकारी आवास मिन्तोकगाङमा भेट गर्नुहुँदै बधाइ अनि शुभकामना व्यक्त गर्नुभयो। उनीहरूले रामथाङ-तिन्तेक जिपीयूअन्तर्गत काबी लिङ्जोक क्षेत्रको जिल्ला अध्यक्ष श्री काडो लेप्चा अनि जङ्गु क्षेत्रअन्तर्गत हि-ग्याथाङ जिपीयू की श्रीमती सोनमकिपा भोटियालाई उपाध्यक्षमा सहमती अनि सहयोग रहेको जानकारी गराए।
बैठकमा मुख्यमन्त्रीद्वारा सबै विजयी सदस्यहरूलाई बधाइ अनि शुभकामना व्यक्त गर्नुभयो। भेटघाटको क्रममा सडक अनि पुल विभाग मन्त्री श्री सोनम लामा सूचना एवम् जनसम्पर्क विभाग अनि पर्यटन विभाग मन्त्री श्री बी.एस पन्त, सोरेङ क्षेत्रका क्षेत्र विधायक श्री आदित्य गोलेको पनि उपस्थित थियो।

## विश्वविद्यालयको छैटौं...

लागुपदार्थ सेवन अनि दुर्व्यसनहरूप्रति चिन्ता व्यक्त गर्दै उहाँले नशा अनि दवाईहरूको दुरुपयोगले समाज अनि देशलाई खोक्रो बनाउँछ भनी बताउनुभयो। यस दिशामा उहाँले सबैलाई राज्य, देश अनि शिक्षा संस्थाहरूलाई मिलेर अघि आउने अनि यस समस्यालाई मिलेर समाधान गर्नका साथै नशामुक्त सिक्किम, नशामुक्त भारतको निर्माण गरी देशका भावी पीढ़ीलाई सशक्त बनाउने आह्वान गर्नुभयो, ताकि पछि उनीहरू देशको निम्ति बोझ नबनेर देशलाई आफ्नो नेतृत्व दिन सक्ने होउन्।
राज्यमा केसर खेतीको सफल परिणामलाई हेर्दै राज्यपालले सिक्किम केन्द्रीय विश्वविद्यालयको वनस्पति विज्ञान विभाग एवम् कुलपति अविनाश खरेलाई बधाई दिनुभयो। उहाँले सिक्किममा जैविक केसर उत्पादनको सकारात्मक परिणाम पाउनु अत्यन्त खुशीको कुरा भएको बताउनुभयो। यो आफू स्वयंमा एउटा ठूलो सक्सेस स्टोरी हो। यसको गुणत्वा कश्मीरभन्दा पनि राम्रो छ।
केसर खेतीको उत्पादनले राजस्व बढ्ने साथै रोजगारको साधन पनि उपलब्ध हुने उहाँले बताउनुभयो। यस क्षेत्रमा सबैजना अघि आएर केसरको अधिक उत्पादनमा सहयोग गर्ने आह्वान गर्नुभयो।
डीजिटल अनि व्यावसायिक युगमा आफ्नो योग्यताको उपयोग गरी रोजगारको अवसर सृजन गर्ने अनि रोजगार प्राथी नबनेर स्वयं रोजगार प्रदाता

रहल पृष्ठ ४ मा...

# ओलम्पिक खेल विजेताहरूलाई मुख्यमन्त्रीद्वारा बधाइ



गान्तोक।
शिलङमा आयोजित भएको दोस्रो उत्तर पूर्व ओलम्पिक खेलका विजेता र सहभागीहरूलाई मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले बधाई दिनुभयो। विभिन्न उत्तर पूर्वी राज्यहरूबाट लगभग तीन हजार खेलाडीहरूले अठाहवटा विषयहरूमा प्रतिस्पर्धा गरेका थिए।

सिक्किमले विभिन्न खेलकुदहरूमा तीनवटा स्वर्ण पदक, सोह्रवटा रजत पदक र एकतीसवटा कांस्य पदकहरू प्राप्त गर्न सफल बनेको छ, जसमा धनुविद्या, एथलेटिक्स, बक्सिङ, बास्केटबल, कराते, टाइकण्डु वेटलिफ्टिङमा र उस्‍सु गरी जम्मा ५० वटा पदकरू पाप्त गर्न सफल बन्यो।

उल्लेखनीय छ, मुख्यमन्त्री श्री प्रेमसिंह तामाङको दूरदर्शी नेतृत्वमा यसपटक सबैभन्दा बढी टोली सहभागी हुन पठाइएको हो। पहिलेको ओलम्पिक खेलको तुलनामा यसपटक राज्यले धेरैभन्दा धेरै उपाधि जित्न सफल भएको छ। राज्यमा खेलकूदलाई प्रोत्साहन दिनका निम्ति विभिन्न कार्यक्रमहरूमा सरकारको सहयोग र हस्तक्षेपको परिणामस्वरूप नै खेलाड़ीहरूले यसरी भाग लिने र पदकहरू जितेर ल्याउने अवसर पाएका हुन्। मुख्यमन्त्री श्री तामाङले सिक्किम ओलम्पिक संघका सदस्यहरू, खेलकूद विभाग, खेलाडीहरू, स्वयंसेवकहरू र यसमा संलग्न सबैलाई धन्यवाद दिनुभएको छ।

दोस्रो उत्तर पूर्व ओलम्पिक खेलहरू मेघालय सरकार र पूर्वोत्तर ओलम्पिक संघ (एनईओओ) को नेतृत्वमा राज्य ओलम्पिक संघद्वारा आयोजित गरिएको थियो।

# उत्तर पूर्वी क्षेत्रहरूमा दिगो पर्यटन अनि लगानी अवसरसम्बन्धी सत्र सम्पन्न

गान्तोक।
गत १७ देखि १९ नोभेम्बर २०२२ मा मिजोरामको आइजोल, आर. डेङ्थुआमा स्टेडियममा अन्तर्राष्ट्रिय पर्यटन बजारको १०औं संस्करण आयोजन भएको थियो।

भारत सरकारको पर्यटन मन्त्रालयले उत्तर पूर्वीका विभिन्न स्थानहरूमा आठ उत्तर पूर्वी राज्यहरूको समृद्ध प्राकृतिक अनि सांस्कृतिक धरोहरहरूको संवर्धन गर्नका लागि वर्षेनी यो कार्यक्रम आयोजन गर्ने गर्दछ, जसको उद्घाटन पर्यटन, संस्कृति तथा डोनेरका केन्द्रिय मन्त्री श्री जी. किशन रेड्डी अनि मिजोरमका मुख्यमन्त्री श्री जोरामथाङ्गाले गर्नुभएको थियो भने कार्यक्रममा पर्यटन मन्त्रालयका सचिव तथा वरिष्ठ अधिकारीहरू, मिजोरम सरकारका वरिष्ठ अधिकारीहरू, राज्य प्रतिनिधिहरू अनि उद्योग स्टेकहोल्डरहरूको उपस्थिति रहेको थियो।

पर्यटन तथा नागरिक उड्डयन विभाग, सिक्किम सरकारकी विशेष सचिव सुश्री कर्मा डी. युत्सोका साथमा सोही विभागका सहायक निदेशक श्री प्रशान्त पाख्रिनले राज्य पर्यटन विभागको प्रतिनिधित्व गर्नुभएको थियो। राज्यबाट श्रीमती लिपन्दी तार्गेनले स्थानीय पर्यटन स्टेकहोल्डरको रूपमा भाग लिनुभएको थियो। आफ्नो प्रस्तुतीकरणको शृङ्खलामा सुश्री कर्मा डी. युत्सोले राज्यमा पर्यटनलाई विकास अनि प्रोत्साहन गर्न राज्य सरकारले उठाइरहेका विभिन्न पहलहरूबारे प्रकाश पार्नुभयो।

उत्तर पूर्वी क्षेत्रहरूमा दिगो पर्यटन अनि लगानी अवसरहरूबारे भएको सत्रमा देशभरिका पर्यटन उद्योग स्टेकहोल्डरहरूले भाग लिएका थिए, जसमा सिक्किम राज्यले जिम्मेवार अनि दिगो पर्यटनको लागि उठाइरहेको कदमहरूबारे प्रकाश पार्दै ग्रामीण पर्यटनको विकास अनि प्रोत्साहनको लागि विभागले उठाइरहेको पहलहरूबारे अनि सिक्किमको पर्यटन क्षेत्रमा लगानीको अवसरहरूबारे पनि कार्यक्रममा विस्तारसाथ बताइएको थियो।

राज्यमा दीगो पर्यटन अनि पर्यटन लगानी अवसरहरूमाथि एउटा छुट्टै प्यानल चर्चा पनि गरिएको थियो, जसमा सुश्री युत्सोले पनि भाग लिनुभयो।

# छात्रवृत्ति योजनाबारे विवरण साझा गर्न पत्रकार सम्मेलन सम्पन्न

गान्तोक।
सामाजिक न्याय र कल्याण विभागका सचिव श्री त्सेवाङ ग्याछोले विभागको छात्रवृत्ति योजनाहरूको विवरण साझा गर्न गत १८ नोभेम्बरको दिन एउटा पत्रकार सम्मेलनलाई सम्बोधन गर्नुभयो। उहाँका साथमा विशेष सचिव सुमन गुरुङ साथै निदेशक श्री कर्मा सोनाम भोटिया, उपसचिव श्रीमती चम्पा शर्मा र उपनिदेशक श्री वैष्णव गजमेर पनि सो सम्मेलनमा उपस्थित हुनुहुन्थ्यो।

सम्मेलनलाई सम्बोधन गर्दै श्री ग्याछोले राष्ट्रिय छात्रवृत्ति पोर्टलको अनबोर्डिङबारे प्रकाश पार्नुभयो। उहाँले यस वर्षदेखि छात्रवृत्ति लिनका लागि भर्ना हुन चाहने विद्यार्थीहरूले Scholarship.gov.in मा लग इन् गर्नुपर्ने पनि जानकारी दिनुभयो। उहाँले थप जानकारी दिँदै पोर्टललाई राज्यबाट राष्ट्रियमा परिवर्तन गर्नुको मुख्य कारण भारत सरकारको दिशानिर्देश/निर्देशनअनुसार यसो गरिएको बताउनुभयो।

अभिभावकको वार्षिक आम्दानी २.५ लाखभन्दा कम्ती भएका विद्यार्थीहरूलाई छात्रवृत्तिको मापदण्ड लागू हुने सचिवले जानकारी दिनुभयो। उहाँले सफाई कर्मचारीको रुपमा काम गर्ने र सरसफाईको काममा लागेका विद्यार्थीहरूका अभिभावकहरूले कक्षा एकदेखि माथि छात्रवृत्ति पाउने र आयको कुनै स्ल्याब नहुने बताउनुभयो।

पत्रकार सम्मेलनमा कतिपय अवस्थामा वार्षिक आम्दानीको प्रमाण-पत्र पेश गर्दा विद्यार्थी/अभिभावकहरूले तथ्य लुकाउने गरेको र गलत सूचना दिने गरेको पाइएको जानकारी पनि सचिवले दिनुभयो। यसकारण अबउसोछात्रवृत्ति प्राप्त गर्नअघि विद्यार्थीहरूले ओथ कमिशनरबाट शपथ लिनका साथै शपथ पत्र आवश्यक भएकोसचिवले बताउनुभयो।

उनले थप जानकारी दिनुभएअनुसार राज्यको शुल्क नियामक समितिले चार वर्गमा शुल्क संरचना बनाएको थियो, तर नयाँ दिशानिर्देशअनुसार केन्द्र र प्रदेश ओबीसीले प्राप्त गरेको शुल्क संरचनामा यो वर्षदेखि परिवर्तन भएको छ। जबकि एसटीर एससीको शुल्क संरचना अहिलेसम्म अपरिवर्तित छ, उहाँले थप्नुभयो।

सचिवले भन्नुभएअनुसार केन्द्रिय र राज्य ओबीसी वर्गअन्तर्गत सरकारी विद्यालयहरूमा कक्षा ९ र १० मा अध्ययन गर्ने विद्यार्थीहरूको लागि प्री-म्याट्रिक छात्रवृत्ति प्रत्येकलाई रुपियाँ चार हजार छ। उहाँले अझ जानकारी दिनुभएअनुसार यी राज्य योजनाहरूअन्तर्गत छात्रवृत्तिको लागि आवेदन गर्ने विद्यार्थीहरूले छात्रवृत्तिको नयाँ र नवीकरणको लागि राष्ट्रिय छात्रवृत्ति पोर्टलमा दर्ता गर्नुपर्नेछ। त्यसैगरी, उहाँले फारम भर्दा सही जानकारी दिनुपर्नेमाथि जोड दिँदै पोर्टलमा आदान-प्रदान र अपलोड गरिएको जानकारी सही होस् भन्नका लागि अरूको भरमा नभई आफैं छात्रवृत्ति फारम भर्न आग्रह पनि गर्नुभयो।

त्यसपछि सचिवले अभिभावक र विद्यार्थीहरूलाई सरकारले तोकेको समयअनुसार फारम भर्ने आग्रह गर्नुभयो। उहाँले राष्ट्रिय पोर्टलमा अनबोर्डिङपछिभारत सरकारले फारम भर्ने मितिहरू नियमन गर्ने जानकारी दिनुभयो।

सचिवले विसंगतिको उदाहरण पनि उद्धृत गर्नुहुँदै सिक्किमको एजी कार्यालयले छात्रवृत्ति योजनाको नियमित लेखापरीक्षणको क्रममा अयोग्य उम्मेदवारहरूले आय प्रमाण-पत्रको गलत दस्तावेजहरू प्रस्तुत गरेर छात्रवृत्ति प्राप्त गरेको पाइएको पनि बताउनुभयो।

अन्तमा, उहाँले विद्यार्थी र उनीहरूका अभिभावकहरूलाई पोर्टल अझै खुला भएकाले छात्रवृत्ति फारम भर्नसक्ने स्मरण गराउनुभयो।

## विश्वविद्यालयको छैटौं...

बन्ने राज्यपालले विद्यार्थीहरूसित आग्रह गर्नुभयो। यसको निम्ति डीजिटल इण्डियाको लाभ उठाउने, स्टार्ट-अप अनि उद्यमीताको संस्कृतिलाई अपनाउँदै प्रधानमन्त्री मोदीको आत्मनिर्भर भारतको सपनालाई साकार गर्नको निम्ति अघि आउने अनि राष्ट्रको विकासमा सशक्त माध्यम बन्ने कुरामाथि उहाँले जोड दिनुभयो।

सिक्किम विश्वविद्यालयलाई शिक्षाको क्षेत्रमा सकारात्मक उर्जाका साथ अघि बढेकोमा बधाइ दिँदै राज्यपालले भन्नुभयो, युवा पीढ़ीमा ज्ञानको ज्योति फैलाउनमा सिक्किम विश्वविद्यालयले उचित भूमिका निभाइरहेको छ।

कार्यक्रममा विशिष्ट अतिथिका रूपमा सिक्किम सरकारका शिक्षा मन्त्री श्री कुङ्गानिमा लेप्चा लगायत विश्वविद्यालयका कुलाधिपति लेफ्टिनेन्ट जनरल डा. डी.बी. शेकटकर, कुलपति श्री अविनाश खरे, कुलसचिव के.बी. एस. कामेस्वर राव उपस्थित हुनुहुन्थ्यो।

## सूचना एवम् जनसम्पर्क...

यस अवसरमा मुख्य अतिथिको बाहुलीबाट सूचना तथा जनसम्पर्क विभागको आईटी प्रभागद्वारा तयार पारिएको भोटिया टाइपोग्राफिक फन्टको लोकार्पण पनि गरिएको थियो। नयाँ टाइपोग्राफिक फन्टको लोकार्पणपछि भोटिया भाषाको सिक्किम हेरल्डका सम्पादक श्री नोर्देन भोटियाले बताउनुभएअनुसार नयाँ फन्टको परिचयले भोटिया भाषाको सिन्ट्याक्टिक संरचनाहरू कुशलतापूर्वक बनाउनमा मद्दत गर्नेछ किनभने हाल प्रयोगमा रहेको साम्बोटा टाइपिङ फन्टमा धेरै व्याकरण र विराम चिह्नहरूछुटिएको कारणले गर्दा प्रायः गलत उच्चारण र विभिन्न शब्दको अर्थ लाग्ने गर्दथ्यो। यसैले यो नयाँ टाइपिङ फण्टद्वारा अहिले त्यस समस्याको समाधान भएको र नयाँ फण्टद्वारा त्यसमा सुधार गरिएको साथै भोटिया भाषामा टाइप गर्दा आइपर्ने अन्य धेरै तक्निकी समस्या तथा कमजोरीहरूलाई पनि सुधार गरिएको उहाँले जानकारी गराउनुभयो।

यसअघि कार्यक्रमको शुरुवातमा सूचना तथा जनसम्पर्क विभागकी सचिव श्रीमती सीफोरा तार्गेनले स्वागत भाषण राख्नुभएको थियो, जहाँ उहाँले पत्रकारितालाई 'लोकतन्त्रको मेरुदण्ड' बताउँदै राज्यमा प्रगतिशील सामाजिक परिवर्तन ल्याउनको निम्ति एउटा शक्तिको रूपमा अघि आएर निरन्तर रूपमा कार्य गरिरहने प्रेस तथा मीडियाकर्मीहरूलाई आग्रह गर्नुभएको थियो।

कार्यक्रमको अन्तमा सूचना तथा जनसम्पर्क विभागकी निदेशक श्रीमती बेनु गुरुङले धन्यवाद ज्ञापन राख्नुभयो।

सिक्किम सरकारको सूचना तथा जन-सम्पर्क विभागद्वारा प्रकाशित तथा सिक्किम सरकारी छापाखाना तादोङ गान्तोकमा मुद्रित। दूरभाषः २३११४०,२३११३२,२३११४२।
S.G.P.G - 371 / Nepali Herald 500 Cps. 04. 11. 2022